# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २०, २०८२ जेठ


## महासंघको परिचयः

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्कः


**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेलः info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २०, २०८२ जेठ

## यस अंक भित्रः

**विषय-सूची** **पेज**

- सामाजिक सञ्जाल र डिजिटल प्रविधिको प्रयोग सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न - २
- Global Deafblindness Resource Hub को स्थानीय सार्वजनिकिकरण सम्पन्न - ३
- बहिरा महिलाहरुका लागी नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न - ४
- जिल्ला बहिरा संघका पदाधिकारीहरूका लागि संस्थागत विकास, सञ्जालीकरण तथा वकालत क्षमता विकास तालिम सम्पन्न - ४
- महासंघद्वारा बहिरा समुदायका लागि पहुँचयुक्त सूचना सामग्रीको उत्पादन र प्रसारण - ५
- नीतिगत तहमा वकालत र ध्यानाकर्षण - ६

### सामाजिक सञ्जाल र डिजिटल प्रविधिको प्रयोगसम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न

महासंघ आवद्द जिल्ला बहिरा संघहरूका जना प्रतिनिधिहरूलाई एबिलिस फाउन्डेसनको सहयोगमा सामाजिक सञ्जाल र डिजिटल प्रविधिको प्रयोगमा पहुँच वृद्धि सम्बन्धि दुई दिने तालिम मिति २०८२ जेठ १४ र १५ गते चितवनको भरतपुरमा सम्पन्न भएको छ। सातै प्रदेशका २५ जिल्लाका २५ जना सहभागी यस्तो तालिममा पहिलो पटक सहभागी भएका थिए र उनीहरूले उक्त तालिमले बहिरा संघका प्रतिनिधिहरूलाई प्रभावकारी एवं सुरक्षित रुपमा सामाजिक संजालको प्रयोग एवं सूचना तथा सञ्चारमा पहुँचका लागि सिप अभिवृद्धि गर्न र आत्मबल बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको जनाएका थिए।




*सामुहिक तस्बिर*

सहभागीतामूलक यस तालिमले जिल्लास्तरीय बहिरा संघहरू बिच समन्वय तथा अनुभव आदानप्रदानको अवसर सिर्जना गर्नुका साथै आगामी दिनमा थप

व्यावहारिक र दीर्घकालीन तालिमको आवश्यकता समेत पहिचान गरिएको छ। यसले बहिरा नेतृत्वको सशक्तिकरणमा समेत उल्लेखनीय टेवा पुर्‍याउने भन्दै भविष्यमा यस प्रकारका तालिमको थप अवधि र विस्तृत हुनुपर्ने सुझाव दिएका छन्।

## Global Deafblindness Resource Hub को स्थानीय सार्वजनिकिकरण सम्पन्न

सेन्स इन्टरनेशनलको संयोजनमा राष्ट्रिय बहिरा महसंघ नेपाल लगायत ८ देशको सहकार्यमा Global Deafblindness Resource Hub निर्माण भइ हरेक देशमा राष्ट्रिय तथा स्थानीय तहहरुमा सार्वजनिकिकरण भइरहेको छ। नेपालमा पनि श्रवणदृष्टि विहीनताका क्षेत्रमा काम गरिरहेका कास्की, रुपन्देही, चितवन, काठमाण्डौ, मोरङ जिल्लाहरुमा यसको सार्वजनिकिकरण भइरहेको छ। जस अन्तर्गत जेठ ९ गते काठमाण्डौमा सम्पन्न एक कार्यक्रमका प्रमुख अतिथि माननीय शिक्षा मन्त्री रघुजी पन्तले अपाङ्ता भएका व्यक्तिहरु, सरकारी तथा गैरसरकारी क्षेत्रका संघ संस्थाका प्रतिनिधिहरू सहित ९० जनाको सहभागिता माझ Resource Hub को सार्वजनिकिकरण गर्नु भएको हो। सो समारोहमा श्रवणदृष्टि विहीन संघ नेपालका अध्यक्ष पुष्पराज रिमालले हबको उपयोगिता र त्यसमा भएका स्रोतसामग्रीका बारेमा प्रकाश पार्नु भएको थियो। रिमालले उक्त Resource Hub मा ७ वटा भाषामा पहुँचयुक्त माध्यममा श्रवणदृष्टि विहीनताका बारेमा अध्ययन सामग्री, त्यस क्षेत्रमा भएका सफलताका कथाहरु रहेको र ती सामग्रीको अध्ययनबाट श्रवणदृष्टि विहीनताका बारेमा बुझ्न वा पढ्न चाहने अन्य व्यक्तिहरु र स्वयम श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुलाई पनि सहयोग पुग्ने बताउनु भएको थियो।



*Global Deafblindness Resource Hub को सार्वजनिकिकरणमा बोल्नुहुदै मा. मन्त्री*

समारोहमा बोल्दै प्रमुख अतिथी माननीय मन्त्री पन्तले यस्ता डिजिटल पहुँचयुक्त स्रोत सामग्रीहरुले श्रवणदृष्टि विहीनताका क्षेत्रमा बुझ्न र अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरुलाई सहयोग पुग्ने बताउनु भएको थियो। साथै नेपाली अंग्रेजी लगायत विभिन्न ७ भाषामा उपलब्ध हुने यी स्रोत सामग्री विश्वभरिका मानिसहरुले हेर्न पढ्न सक्ने भएकाले यो निकै उपयोगि हुने बताउनु भएको थियो।

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २०, २०८२ जेठ


## बहिरा महिलाहरुका लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा MyRight को आर्थिक सहयोगमा बहिरा महिलाहरुका लागी २ दिने नेतृत्व तथा क्षमता विकास तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। २०८२ साल जेष्ठ २५ र २६ गते काठमाण्डौको पेन्सन वासना होटलमा सञ्चालन गरिएको उक्त तालिममा सातै प्रदेशका ५५ जना बहिरा महिलाहरुको सहभागिता रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य ७ प्रदेश भित्र रहेका बहिरा महिलाहरूको ज्ञान, सीप, अधिकार सहित नेतृत्व तथा क्षमता विकास गरी सशक्त बनाउने रहेको छ। कार्यक्रममा बहिरा महिलाहरुलाई UNCRPD ले गरेको व्यवस्था, महिला हिंसा र कानुनी उपचारहरु, योजना तर्जुमा र परियोजना प्रस्तावसम्बन्धी शिप, महिलासम्बन्धी कानुनी व्यवस्थाहरु, स्थानिय सरकारबाट प्राप्त सेवा सुविधा, जनवकालतका विधि र प्रक्रिया लगायतका विषयमा तालिम प्रदान गरिएको थियो।



सामुहिक तस्बिर

बहिरा महिलाहरुले शिक्षा, स्वास्थ्य, रोजगारी, मनोरन्जन लगायतका क्षेत्रमा भोगेका समस्याहरुको संकलन तथा पहिचान गरी त्यसका समाधानका उपायहरुका बारेमा पनि छलफल गरिएको थियो। कार्यक्रमका सहभागीहरुले बहिरा महिलाहरुको समस्या समाधान गर्नका लागि हरेक क्षेत्रमा सहभागिता सुनिश्चित गर्न र नेतृत्वदायी भूमिकामा पहूँच पुर्याउनका लागि बहिरा महिला लक्षित क्लव वा संस्था स्थापना गर्नुपर्नेमा जोड दिएका थिए। उक्त कार्यक्रमले बहिरा महिलाहरुलाई विभिन्न विषय तथा क्षेत्रका बारेमा ज्ञान हासिल गर्दै आत्मविश्वास बढेको सहभागीहरुले जनाएका छन्।

## जिल्ला बहिरा संघका पदाधिकारीहरूका लागि संस्थागत विकास, सञ्जालीकरण तथा वकालत क्षमता विकास तालिम सम्पन्न



सामुहिक तस्बिर

राष्ट्रिय बहिरा महासंघको आयोजना तथा MyRight/DDF को सहकार्यमा जिल्ला बहिरा संघका प्रतिनिधिहरुलाई संस्थागत विकास, सञ्जालीकरण तथा वकालत क्षमता विकास तालिम चितवनको भरतपुरमा सफलतापूर्वक मिति जेठ १६ र

१७ गते सम्पन्न भएको छ। उक्त तालिममा महासंघमा आवद्ध ५० जिल्ला बहिरा संघका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो। यस तालिमको उद्देश्य जिल्लास्तरमा कार्यरत बहिरा संघहरूलाई सक्षम बनाउँदै उनीहरूको संस्थागत क्षमता विकास, सञ्जालीकरण तथा प्रभावकारी वकालत क्षमता अभिवृद्धि गर्नु रहेको छ।दुई दिने तालिम अवधिमा सहभागीहरूलाई अधिकारमा आधारित नीति वकालत रणनीति, सूचनाको पहुँच र सरकारी निकायसँग समन्वय गर्ने तथा परियोजना पेश गर्ने तरिकाहरूबारे व्यावहारिक ज्ञान सिप प्रदान गरिएको थियो। तालिमको प्रस्तुति, समूहगत छलफल, अनुभव आदान-प्रदान र नमुना पैरवी अभ्यास समेत गराइएको थियो।

साथै, बहिरा नेतृत्व, संघीय संरचनामा कार्य गर्न आवश्यक ज्ञान र सार्वजनिक कार्यक्रमहरूमा बहिरा संघहरूको सहभागिता अभिवृद्धि गर्ने उपायहरूको बारेमा विशेष जोड दिइएको थियो। उक्त तालिमले जिल्ला बहिरा संघहरूबीच सञ्जाल विस्तार, साझा मुद्दाहरूमा संयुक्त वकालत गर्ने क्षमता अभिवृद्धि, र नीति निर्माण प्रक्रियामा बहिरा समुदायको समावेशी सहभागिता गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास महासंघले गरेको छ।

## महासंघद्वारा बहिरा समुदायका लागि पहुँचयुक्त सूचना सामग्रीको उत्पादन र प्रसारण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले बहिरा समुदायको लागि महत्वपुर्ण विभिन्न सवालहरु पहिचान गरी सांकेतिक भाषा भिडियो सामग्री निर्माण गरी सामाजिक संजाल मार्फत प्रसारण गर्ने कार्य भइरहेको छ। एबिलिस फाउन्डेसनको सहयोगमा सञ्चालित "अपाङ्ग ता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धीको अवधारणा बमोजिम बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सुचना तथा संचारमा पहुँच अभिवृद्धि गर्ने" परियोजना अन्तर्गत उक्त भिडियोहरु निर्माण गरिएको हो। परियोजनाको गतिविधिका रूपमा महासंघले सूचनामूलक, जनचेतनामूलक, उत्प्रेरणामूलक, उत्पादनमूलक विषयवस्तुमा केन्द्रित भिडियो सामग्रीहरु, नेपाली साङ्केतिक भाषासहित पहुँचयुक्त ढाँचामा निर्माण गरी महासंघको आधिकारिक फेसबुक पेजमार्फत प्रसारण गर्दै आएको छ।



*परियोजना बारे जानकारी दिनुहुदै डा.बिरेन्द्रराज पोखरेल*

यी सुचना सामग्रीहरूमा सार्वजनिक सूचना, सेवा, प्राकृतिक बिपत्ति, अवसर, सुरक्षा उपाय, लैंगिक र प्रजनन स्वास्थ्य, तथा व्यक्तिगत प्रेरणादायी कथाहरू लगायत विविध विषयमा आधारित छन्। जसले बहिरा समुदायको चेतना र क्षमता अभिवृद्धिमा योगदान दिने विश्वास महासंघले लिएको छ। उक्त भिडियो सामग्रीहरूबाट जिल्ला बहिरा संघहरू मार्फत सातै प्रदेशका बहिरा समुदायमा प्रत्यक्ष पहुँच पुगेको छ। यस किसिमका क्रियाकलापले समाजमा समावेशी सञ्चार प्रणालीको विकास गर्न समेत योगदान पुऱ्याउने विश्वास लिएको छ। महासंघले आगामी दिनमा अझ विविध विषयमा सामग्री विस्तार गर्दै अन्य डिजिटल प्लेटफर्म समेत बढाउने योजना रहेको छ।

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २०, २०८२ जेठ


## नीतिगत तहमा वकालत र ध्यानाकर्षण

बहिरा समुदायको सूचनामा पहुँच सुनिश्चितताका लागि बिभिन्न नेपाली टेलिभिजनहरुमा साङ्केतिक भाषा समावेश गर्न महासंघले सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालसँग मौजुदा नीतिहरुको प्रभावकारी कार्यन्वयन गर्नका लागि वकालत गरेको छ। यसै क्रममा राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र, र राष्ट्रिय सूचना आयोगमा समेत समन्वय गरी बहिरा व्यक्तिहरूका सुचनाको हक अधिकार सुनिश्चित गर्न अनुरोध गरिएको छ।



समाचारमा साङ्केतिक भाषाको पूर्ण समावेश सुनिश्चित गर्न महासंघले नेपाल टेलिभिजनका अध्यक्ष डा. महेन्द्र विष्टसँग भेट गरी बहिरा दर्शकका लागि समाचारमा दोभाषेको स्क्रिन साइज वृद्धि गर्ने विषयमा ध्यानाकर्षण गराएको छ। मिडिया हाउसहरूलाई बहिरा मैत्री समाचार प्रवाहमा सुधार गर्नका लागि समेत महासंघले अनुरोध गरेको छ।

---

## हाम्रा साझेदार संस्थाहरु :-



# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २०, २०८२ जेठ

**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो।"**

* समाप्त !!! *

## सचेतनामूलक सूचना सामाग्री :

